२०६६ साल भदौ १७ गते रोज ४ का दिन १२.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, मन्त्रिपरिषद् का सदस्यहरू, संविधानसभा/व्यवस्थापिका संसदका पदाधिकारीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक निर्धारण गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।४४-०६६।५।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. जर्मनी सरकारको निमन्त्रणामा एउटा प्रतिनिधिमण्डल जर्मन भ्रमणमा पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको ऊर्जा मन्त्रालयको नं. २क।१०-०६६।५।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. उद्योग/संस्थानहरूको संचालक समितिको अध्यक्ष, महाप्रवन्धक एवं कार्यकारी निर्देशकको अवकाश (अध्यक्ष श्री विन्दु तिमल्सिना समेतलाई) विषयको उद्योग मन्त्रालयको नं. ३।१२-०६६।४।१६ को प्रस्ताव - प्रस्तावमा उल्लिखित व्यक्तिहरूमध्ये राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.का अध्यक्ष श्री नानीमाया थापा तथा महाप्रवन्धक श्री युद्धबहादुर पन्तबाहेक अन्यको राजिनामा स्वीकृत गर्ने ।

४. भत्ता उपलब्ध गराउने (संविधानसभा अदालतका अध्यक्ष तथा सदस्यहरु र सो अदालतमा खटिएका कर्मचारीहरुलाई) विषयको कानुन तथा न्याय मन्त्रालयको नं. ४।३४-०६६।५।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. Independent Chairperson of the FAO Council को लागि डा. राम प्रकाश यादवलाई मनोनयन गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।४२-०६६।५।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. विभिन्न घटनामा परि घाइते भएकाहरूको तत्काल उपचार र आर्थिक सहायताका लागि रकम निकासा विषयको गृह मन्त्रालयको नं. ६।५७-०६६।४।१८ को प्रस्ताव - हाललाई रु दुई करोड पचास लाख रुपैयाँ उपलब्ध गराउने ।

७. भिसा दस्तुर र विलम्व दस्तुर मिनाहा दिने विषयको गृह मन्त्रालयको नं. ६।७२-०६६।५।१ को प्रस्ताव - प्रस्तावमा उल्लिखित व्यक्तिहरूको प्रस्थान गर्ने दिन सम्मको भिसा दस्तुर र विलम्व दस्तुर मिनाहा गर्ने र निजहरूलाई सम्बन्धित मुलुकमा फिर्ता पठाउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. माओवादी शिविर सातौं डिभिजन तालबन्दको प्राथमिक स्वास्थ्य केन्द्रको एम्वुलेन्सले दुर्घटनामा मृत्यु भएका व्यक्तिको परिवारलाई क्षतिपूर्ति उपलव्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।७५-०६६।५।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. जापान र थाइल्याण्डको अध्ययन भ्रमणमा पठाउने (निर्वाचन आयोगका सचिवलाई) विषयको गृह मन्त्रालयको नं. ६।८०-०६६।५।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. जनवादी गणतन्त्र चीनको भ्रमणमा जाने (मा.मन्त्रीको नेतृत्वमा) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।२४-०६६।५।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. नापी कार्यालय, कलंकी र माइलस्टोन डेभ्लोपमेण्ट प्रा.लि. काठमाडौंबीच जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।१६-०६६।५।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. SAF Regional Preparatory Consultation का लागि नपुग बजेट थप निकासा उपलब्ध गराउने विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।१०-०६६।५।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. Strengthening Women's Political and Economic Participation परियोजना अन्तर्गत भ्रमण टोली पठाउने (सभासद सन्ध्यादेवीको नेतृत्वमा) विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।११-०६६।५।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. राष्ट्रिय खेलकुद परिषदको सदस्यहरुलाई पदमा नरहेको जानकारी दिने विषयको युवा तथा खेलकूद मन्त्रालयको नं. ११क।५-०६६।४।६ को प्रस्ताव - माननीय युवा तथा खेलकुद मन्त्री तथा राष्ट्रिय खेलकूद परिषद्का अध्यक्ष समक्ष राजीनामा पेश गर्नुभएका राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव श्री जीवनराम श्रेष्ठ, उपाध्यक्ष श्री सीताराम मास्के, सदस्य श्री वीरेन्द्र यादव र सदस्य श्री पुरन्द विक्रम लाखेले दिनुभएको राजीनामा स्वीकृत गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. थाइल्याण्ड भ्रमण (मा. मन्त्रीको नेतृत्वमा) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।१५-०६६।५।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. नेपाल र चीनको स्वशासित क्षेत्र तिव्वतबीच व्यापार सहजीकरण समिति गठन सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।१५-०६६।५।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक पदमा नियुक्त (श्री दिगम्वर झालाई) गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।१८-०६६।५।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. Sharing and Learning Visit on the Peace Process in Ireland and in Nepal विषयक कार्यक्रममा भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।२०-०६६।५।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि शिक्षा (चौथो संशोधन) नियमावली २०६६ स्वीकृत गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।१७-०६६।५।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ मा दोस्रो संशोधन गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।११-०६६।५।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. EROPA सम्मेलनमा सहभागि हुने (मा.मन्त्रीको नेतृत्वमा) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४४-०६६।५।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. प्रशासन पुनर्सरचना आयोगको पुनर्गठन गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४५-०६६।५।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. निजामती सेवा पुरस्कारहरु प्रदान गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४६-०६६।५।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. APT Ministerial Meeting मा भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।२०-०६६।५।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. औषधि उपचार रकम उपलब्ध गराउने (संविधान सभाका सदस्य मा. डिल्लीमान तामाङ्गलाई) विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।२१-०६६।५।११ को प्रस्ताव -प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. तुलसीपुर नगरपालिकाबाट वसपार्क व्यवस्थापन गर्न बिक्री-वितरण गरिएका जग्गाको हक-हस्तान्तरण गर्न स्वीकृति दिने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१४-०६६।४।३२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. प्रशासन पुन:संरचना आयोगका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री दिनेशहरि अधिकारीलाई नेपाल ट्रष्टको कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको कार्यकारी सचिव पदमा सरुवा गर्ने ।

२०६६ साल भदौ १० गते रोज ४ का दिन ०९.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. बीस वर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदल, २०६६ गठन गर्ने विषयको ऊर्जा मन्त्रालयको नं. २क।९-०६६।४।२६ को प्रस्ताव - प्रस्तावसाथ संलग्न कार्यदल गठनको क्र.सं. ३ को कार्यदलको गठन विधिको ७. पछि ८. डा. गोविन्द नेपाल, विज्ञ सदस्य थप गरी तदनुसार क्र.सं. मिलाउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. International Conference on Green Industry in Asia, 8-11 September, 2009 मा भाग लिने (सचिवले) विषयको उद्योग मन्त्रालयको नं. ३।१४-०६६।४।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. बढुवा पदस्थापन (जिल्ला न्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेलाई) विषयको कानुन तथा न्याय मन्त्रालयको नं. ४।३१-०६६।४।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. रकम उपलब्ध गराउने (जिल्ला न्यायाधीश समेतलाई) विषयको कानुन तथा न्याय मन्त्रालयको नं. ४।३२-०६६।५।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. औषधोपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने (अर्जुनसिंह ठकुरीलाई) विषयको गृह मन्त्रालयको नं. ६।६७-०६६।४।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. औषधोपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने (प्र.ह. शम्शेरबहादुर नेपालीलाई) विषयको गृह मन्त्रालयको नं. ६।६८-०६६।४।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. नेपाल यातायात स्वतन्त्र मजदुर संगठन धादिङ्ग पृथ्वी राजमार्गका इकाई समितिको कार्यालयको क्षति भएको शव वाहन तथा घर टहराको क्षतिपूर्ति उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।६९-०६६।४।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. मनोनयन स्वीकृति र भैपरी आउने खर्च उपलव्ध गराउने (श्री नीलकण्ठ उप्रेतीलाई) विषयको गृह मन्त्रालयको नं. ६।७१-०६६।५।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. शहीद घोषणा गर्ने तथा स्व. कृष्ण भन्ने भानुभक्त न्यौपानेको परिवारलाई क्षतिपूर्ति दिने विषयको गृह मन्त्रालयको नं. ६।७६-०६६।५।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. पर्यटन पूर्वाधार विकास आयोजनाका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१०-०६६।४।३२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. पर्यटन प्रवर्द्धन कार्यक्रमा भाग लिने (मा.मन्त्रीको नेतृत्वमा) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।११-०६६।५।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. UNWTO को १८ औं साधारणसभामा सहभागिता हुने (मा. मन्त्रीको नेतृत्वमा) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१२-०६६।५।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. अस्थायी दरवन्दी सिर्जना गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।१४-०६६।४।३२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. इलाम जिल्ला चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधानार्थ गठित समितिको कार्यावधि थप गर्ने, बजेट निकासा गर्ने र गठन आदेश संशोधन गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।१५-०६६।५।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. सडक बोर्ड नेपाललाई जग्गा प्रदान गर्ने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।२२-०६६।४।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. राष्ट्रिय खेलकूद परिषद्को सदस्यमा मनोनयन (श्री हरिबाबु चौधरीलाई) गर्ने विषयको युवा तथा खेलकुद मन्त्रालयको नं. ११क।८-०६६।५।७ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "राष्ट्रिय खेलकूद परिषद्को सदस्यको रुपमा" भन्ने व्यहोरा पछि "बढीमा" भन्ने शब्द राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. प्रतिस्पर्धाको लागि अर्न्तवातामा भाग लिन पठाउने विषयको रक्षा मन्त्रालयको नं. १२।४९-०६६।५।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. नेपाल-चीन तिब्बत आर्थिक तथा व्यापार मेला, २००९ मा भाग लिने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।१३-०६६।५।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. वातावरण सल्लाहकार नियुक्ति गर्ने विषयको वातावरण मन्त्रालयको नं. १४।५-०६६।४।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।१८-०६६।४।३२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. युनेस्कोको ३५ औं महाधिवेशन र युनेस्को कार्यकारिणी समितिको १८२औं बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं. १६।१२-०६६।४।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. शिक्षक सेवा आयोगका सदस्यको नियुक्तिका लागि सिफारिश समिति गठन विषयको शिक्षा मन्त्रालयको नं. १६।१३-०६६।५।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. Machine Readable Passport प्रचलनमा ल्याउन अलग्गै राहदानी निकाय गठन गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४०-०६६।५।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको संगठन संरचना तथा दरवन्दी सृजना गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४१-०६६।५।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. थप आर्थिक सहायता उपलब्ध गराउने (सुख्खा बन्दरगाह भन्सार कार्यालयका कम्प्यूटर अपरेटर श्री मनोज सुवेदीलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४२-०६६।५।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. ITU Telecom World 2009 Geneva, Switzerland भ्रमण गर्ने (मा. मन्त्रीको नेतृत्वमा) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१७-०६६।५।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. 2009 IT EXPO BUSHAN विषयक कार्यक्रममा भाग लिने (मा. मन्त्रीको नेतृत्वमा) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१८-०६६।५।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. पारिश्रमिक वृद्धि गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१९-०६६।५।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. Better Data Better Aid कार्यक्रममा भाग लिने (मा. मन्त्रीले) विषयको संघीय मामिला, संविधान सभा, संसदीयव्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।२०-०६६।५।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. कोरिया नेपाल मैत्री अस्पताल विकास समिति (गठन) आदेश २०६६ स्वीकृत गरी सो अनुसार संचालन गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१६-०६६।५।४ को प्रस्ताव - मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३१. विश्व सम्पदा सूची भित्रका नगरहरुको संगठनको दशौं विश्व भेलामा भाग लिन जान स्वीकृति दिने (काठमाडौं महानगरपालिकाको कार्यकारी अधिकृत श्री निरञ्जन बराललाई) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१७-०६६।५।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. विराटनगर उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गाको स्वामित्व सशस्त्र प्रहरी बल कंकालिनीमाई गणका नाममा हस्तान्तरण गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१८-०६६।५।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. सिंहदरवार बैद्यखाना विकास समितिको संचालक समितिको अध्यक्षको मनोनयन गर्ने (डा. रामचन्द्र अधिकारीलाई) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।५३-०६६।४।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. अविरल वर्षाको कारण झापा जिल्लालगायत देशका विभिन्न भागहरूमा पर्न गएको धनजनको क्षतिप्रति ध्यान केन्द्रित गर्दै परिस्थिति एवं घटनाको गम्भीरतालाई विचार गरी अन्य मन्त्रालयहरू समेतको समन्वयमा गृह मन्त्रालयबाट तत्काल उद्धार तथा राहतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।४।३२ को पत्रानुसार आयोगका मा. आयुक्त श्री बेदप्रसाद सिवाकोटी र सचिव श्री भगवतिकुमार काफ्लेलाई ८-१० सेप्टेम्वर, २००९ मा मनिलामा हुने १४ औं ADB/OECD Steering group of meeting & seminar मा भाग लिन पठाउने । मा. आयुक्तका लागि भैपरी आउने खर्च वापत अमेरिकी डलर दुई सय पचास र सचिवलाई भैपरी आउने खर्च वापत अमेरिकी डलर दुई सय उपलब्ध गराउने र अन्य सुविधाका हकमा संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ र भ्रमण खर्च नियमावली २०६४ बमोजिम गर्ने । उक्त रकम अर्थ मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निकासा दिने ।

३६. निजामती सेवा नियमावली, २०५० को नियम ११६क. बमोजिम निजामती सेवा पुरस्कार सिफारिश गर्नका लागि उक्त नियमको उपनियम (२) को खण्ड (ग) बमोजिम शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री पुण्यप्रसाद न्यौपाने र सोही उपनियमको खण्ड (घ) बमोजिम पूर्व सचिव श्री ऋद्धिबाबा प्रधानलाई सदस्यमा समावेश गर्ने ।

२०६६ साल भदौ १  गते रोज २ का दिन ०९.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. यसैसाथ संलग्न “नेपालको अन्तरिम संविधान (सातौं संशोधन), २०६६” संविधान सभा समक्ष माननीय कानुन तथा न्याय मन्त्रीले पेश गर्ने ।

२. सम्माननीय प्रधानमन्त्रीको गणतन्त्र भारतको औपचारिक भ्रमण विषयको परराष्ट्र मन्त्रालयको नं. ८।२२-०६६।४।३२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति (श्री राजदेव यादवलाई) गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।१४-०६६।४।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।